**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २५ जुलाई २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- शिक्षा मंत्री धर्मेंद्र प्रधानले आज आफ्नो पदबाट राजिनामा दिनुभएको छ।

- कक्रोच जनता पार्टी (सीजेपी) ले सरकारले पार्टीको मागहरूमा सहमति जनाएपछि आफ्नो आन्दोलन फिर्ता लिएको छ।

- पश्चिम बंगाल सरकारले आज राज्य विधानसभामा नियंत्रक अनि महालेखा परीक्षक - सीएजी को 28 वटा थाँतीमा रहेका रिपोर्टेंहरु पेश गरे।

- दार्जीलिङ नगरपालिका अन्तर्गतको विवादास्पद भवन (बिल्डिङ) सम्बन्धी विषयमा कार्यकारी अधिकृत (EO) सँग नगर पार्षदहरुको आज बैठक भएको छ|

- मौसम विभागले उत्तर बङ्गालका जिल्लाहरुमा मध्यमदेखि भारी वर्षा हुन सक्ने पूर्वानुमान गरेको छ।

**शिक्षा मंत्री इस्तीफा**

शिक्षा मंत्री धर्मेंद्र प्रधानले आज आफ्नो पदबाट राजिनामा दिनुभएको छ। प्रधानमंत्री नरेन्द्र मोदीलाई पठाईएको आफ्नो त्याग पत्रमा श्री प्रधानले भन्नुभयो – बिगत दश दिनको घटनाक्रमले उहाको मन व्यथित थियो अनि यो उहाको लागि व्यक्तिगत प्रतिष्ठाको विषय थिएन । उहाले भन्नुभयो -  भारतको युवा शक्ति देशको सबैभन्दा ठुलो ताकत हो अनि युवाहरुलाई भ्रमको कुचक्रमा फस्न दिईनेछैन । श्री प्रधानले अझ भन्नुभयो – उहाले त्यागपत्र यसै कारण दिनुभएको हो ताकि जंतर-मंतर अनि देशमा जुन वर्तमान स्थिति बनेको छ त्येसको राष्ट्रविरोधी ताकतहरुले लाभ नउठाउन सकून् । त्याग पत्रमा श्री प्रधानले प्रधानमंत्री नरेन्द्र मोदीको मार्गदर्शन, विश्वास अनि  सहयोगको लागि आभार व्यक्त गर्नुभयो।

**सरकार-सीजेपी**

कक्रोच जनता पार्टी (सीजेपी) ले सरकारले पार्टीको मागहरूमा सहमति जनाएपछि आफ्नो आन्दोलन फिर्ता लिएको छ। केन्द्रीय मन्त्री जेपी नड्डा र डा. जितेन्द्र सिंहले आज कक्रोच जनता पार्टी (सीजेपी) को प्रतिनिधिहरु सँग तेस्रो चरणको बैठक गरे जसमा परीक्षा प्रणालीमा सुधार र पेपर लीक रोक्ने उपायहरूको मागमा केन्द्रित थियो। त्यसपछि नयाँ दिल्लीमा सीजेपी प्रतिनिधिहरुसँग संयुक्त पत्रकार सम्मेलनमा श्री नड्डाले भन्नु भयो बैठकमा सरकारले सीजेपीको प्रदर्शनकारीहरू विरुद्ध कुनै कारबाही नगरियोस् र उनीहरू विरुद्ध कुनै एफआईआर दर्ता नगरियोस् भन्ने मागमा सहमति जनाएको छ। श्री नड्डाले भन्नु भयो, सरकारले यो पनि स्वीकार गरेको छ कि यदि कुनै एफआईआर दर्ता गरिएको छ भने, त्यो फिर्ता लिइनेछ र एफआईआरको प्रतिलिपि पनि प्रदान गरिनेछ। आत्महत्या गर्नेहरूलाई क्षतिपूर्तिको मामिलामा, श्री नड्डाले भन्नु भयो यि विद्यार्थीहरुको परिवार प्रती सरकारको पूर्ण सहानुभूति छ र सरकारले नियम र कानून अनुसार अधिकतम क्षतिपूर्ति प्रदान गर्ने सुनिश्चित गर्नेछ। सीजेपीका मुख्य

प्रवक्ता सौरभ दासले सहमति गरिएको सर्तहरू समयसीमा भित्रै कार्यान्वयन हुने आशा व्यक्त गर्दै आन्दोलन फिर्ता लिने घोषणा गर्नु भयो।

**पश्चिम बंगाल-सीएजी रिपोर्ट**

पश्चिम बंगाल सरकारले आज राज्य विधानसभामा नियंत्रक अनि महालेखा परीक्षक - सीएजी को 28 वटा थाँतीमा रहेका रिपोर्टेंहरु पेश गरे। यी रिपोर्टहरु पेश गरेर पश्चिम बंगाल सरकारले आफ्नो बाचा पूरा गरेको छ। वित्त मंत्री स्वपन दासगुप्ताले यी रिपोर्टेंहरु पेश गर्नुभयो । यो रिपोर्ट पछिल्लो सरकारको कार्यकाल देखि थाँतीमा रहेको थियो । यी रिपोर्टहरूको निष्कर्षहरु माथि विस्तृत चर्चाको लागि विधानसभाको विशेष सत्र बोलाईने उहाले घोषणा गर्नुभएको छ । वित्त मंत्रीले भन्नुभयो – यी रिपोर्टेंहरुले राज्यको वित्तीय स्थितिको साथीक बिबरण पेश गर्नेछ अनि राज्यको 8 लाख करोड़ रुपियाँ भन्दा अधिकको वित्तीय घाटाको कारणहरुलाई स्पष्ट पर्नेछ । यी रिपोर्टेंहरुले राज्यको वित्त खाताहरु , पंचायती राज संस्थाहरु , सरकारी उपक्रमहरु , स्वास्थ्य अवसंरचना अनि स्वास्थ्य सेवाहरु , आदिवासी क्षेत्रहरुमा भूमि प्रबंधन, समग्र शिक्षा कार्यक्रमको कार्यान्वयन, एकीकृत बाल विकास सेवाहरु , सार्वजनिक क्षेत्रका उपक्रमहरु , विनियोग खाताहरु अनि बिभिन्न प्रदर्शन लेखापरीक्षा रिपोर्टहरु सहित विभिन्न क्षेत्रहरुलाई सम्मिलित गर्दछ।

**लोकसभा - सोमनाथ चटर्जी श्रद्धांजलि**

लोकसभा अध्यक्ष ओम बिरलाले आज पूर्व लोकसभा अध्यक्ष सोमनाथ चटर्जीको जयंतीमा उहालाई पुष्पांजलि अर्पित गर्नुभयो । यस अवसरमा सांसदहरु , पूर्व सांसदहरु अनि अन्य गणमान्य व्यक्तिहरुले पनि उहालाई श्रद्धांजलि दिए । सोमनाथ चटर्जीको जन्म 25 जुलाई 1929 मा असमको तेजपुरमा भएको थियो । पेशाले एक प्रतिष्ठित वकील रहेका चटर्जीले वर्ष 1968 मा सक्रिय राजनीतिमा प्रवेश गर्नुभयो अनि 1971 मा पहिलो पल्ट लोकसभाको लागि निर्वाचित हुनुभयो । आफ्नो लामो संसदीय जीवनमा उहाँ लगातार 10 पल्ट लोकसभा सांसद चुनिनु भयो । भारतीय संसदीय व्यवस्थामा उहाको उत्कृष्ट योगदानका लागि उहालाई 1996 मा उत्कृष्ट सांसद पुरस्कार द्वारा सम्मानित गरियो ।श्री चटर्जी 4 जून 2004 मा सर्वसम्मतिद्वारा 14औ लोकसभा अध्यक्ष चुनिनुभयो अनि 31 मई 2009 सम्मम यस पदमा रहनुभयो । उहाको कार्यकालमा जुलाई 2006 मा 24 घण्टा प्रसारित हुने संसदीय चैनल लोकसभा टेलीविजनको शुरुआत भयो । यस बाहेक अगस्त 2006 मा उहाले अत्याधुनिक संसद संग्रहालयको पनि उद्घाटन गर्नुभयो।

**पुलिस अधिकारी निलम्बन**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज पश्चिम बंगाल विधानसभामा एउटा प्रमुख प्रशासनिक निर्णयको घोषणा गर्नु हुँदै तृणमूल शासनकालमा विवादमा परेका धेरै पुलिस अधिकारीहरूलाई निलम्बन गरिएको बताउनु भयो। मुख्यमन्त्रीले यी मामिलाहरूमा विस्तृत अनुसन्धान गरिने र दोषी पाइएकाहरूमाथि कानून अनुसार कारबाही गरिने बताउनुभयो। दक्षिण २४ परगना जिल्लाको काकद्वीपमा देवी कालीको मूर्ति तोडफोडपछि भएको पुलिस लाठीचार्जलाई उल्लेख गर्दै मुख्यमन्त्रीले सुन्दरवन पुलिस जिल्लाका तत्कालीन पुलिस अधीक्षक (एसपी) आईपीएस कोटेश्वर रावको नेतृत्वमा ५०० भन्दा बढी पुलिस कर्मचारीहरूले प्रदर्शनकारी स्थानीयहरूमाथि बल प्रयोग गरेको र मूर्तिलाई जेल भ्यानमा लगिएको बताउनु भयो। यस घटनाको सम्बन्धमा आईपीएस कोटेश्वर रावलाई पनि निलम्बन गरिएको छ। मुख्यमन्त्रीले कालियागञ्जमा कक्षा ९ मा पढ्ने एक नाबालिग विद्यार्थीको बलात्कार र हत्याको अनुसन्धानलाई प्रभाव पार्ने आरोपमा कालियागञ्ज पुलिस थानाका तत्कालीन प्रभारी मोअज्जिन हुसेनलाई निलम्बन गरेको घोषणा गर्नुभयो। उनीविरुद्ध एफआईआर दर्ता गर्न पनि निर्देशन दिइएको छ। यसरी नै, हाल कोलकाता पुलिसको विशेष शाखामा कार्यरत सुवर्णा दत्ता चौधरी अनि पुलिस इंस्पेक्टर अमलेंदु विश्वासलाई पनि निलम्बन गरिएको छ।

**मुख्यमन्त्री-धर्मतला घटना**

पश्चिम बंगालको धर्मतलास्थित डोरिना क्रसिङमा "युनाइटेड ककरोच मार्च" को ब्यानरमा आयोजित विरोध प्रदर्शनको क्रममा हिजो भएको हिंसाको सम्बन्धमा कोलकाता पुलिसले जम्मा सात वटा एफआईआर दर्ता गरेको छ। यीमध्ये छ वटा एफआईआर पत्रकारहरूको उजुरीको आधारमा दर्ता गरिएको थियो भने एउटा स्वतः संज्ञान दर्ता गरिएको थियो। घटनाको बारेमा आज विधान सभालाई जानकारी दिनु हुँदै मुख्यमन्त्री शुभेन्दु अधिकारीले पत्रकारहरू माथि भएको आक्रमणको कडा निन्दा गर्दै अहिलेसम्म ७० जना अपराधीहरूको पहिचान भइसकेको बताउनु भयो। मुख्यमन्त्रीले प्रारम्भिक अनुसन्धानमा एक विशिष्ट समुदायका कुख्यात अपराधीहरूको संलग्नता रहेको खुलासा भएको बताउनु भयो। उहाँले स्पष्ट पार्नु भयो कि हालै विधानसभाले पारित गरेको पब्लिक सेफ्टी एक्टको कडा धाराहरू सबै अभियुक्तहरू विरुद्ध लगाइनेछ। उहाँले भन्नु भयो कि सरकारले कुनै पनि मूल्यमा अव्यवस्था र हिंसा सहन गर्ने छैन। श्री अधिकारीले राज्य सरकारले कुनै पनि परिस्थितिमा बल प्रयोग नगर्न पुलिसलाई स्पष्ट निर्देशन दिएको र परिस्थितिको नजिकबाट निगरानी भइरहेको बताउनु भयो। उहाँले भन्नु भयो प्रदर्शनकारीहरूले बारम्बार पुलिसलाई उक्साउने प्रयास गरे पनि, अधिकारीहरूले संयम कायम राखे र कुनै पनि उत्तेजनाको सामना गरेनन्।

**दार्जीलिङ नगरपालि अवैध भवन**

दार्जीलिङ नगरपालिका अन्तर्गतको विवादास्पद भवन (बिल्डिङ) सम्बन्धी विषयमा कार्यकारी अधिकृत (EO) सँग नगर पार्षदहरुको बैठक आज भएको छ| यस बैठकमा समस्याको निष्कर्ष ननिस्किएसम्मको लागि निर्माणाधीन LB-15 अनि LB-16 भवनहरु लिएर निर्णय हाललाई होल्डमा राखिएको जानकारी प्राप्त भएको छ। सम्बन्धित पक्षबीच सहमति र समाधानपछि मात्र आगामी निर्णय लिइने बताइएको छ। स्मरण रहोस्, हिजो मात्र बोर्ड अफ काउन्सिलर्स (BOC) बैठकको क्रममा शहर वरिपरि निर्माणाधीन LB-15 अनि LB-16 लगायत अन्य केही भवन वर्तमान नगरपालिका बोर्डले अवैध रूपमा निर्माण गरिरहेको भन्दै भाजपा नगरपार्षदहरूले असन्तुष्टि जनाएका थिए। उनीहरूले LB-15 अनि LB-16 सम्बन्धमा पूर्ण पारदर्शिता अपनाउन अथवा निर्माण कार्य तत्काल रोक्न माग गर्दै, त्यसो नगरिए नगरपालिका कार्यालय अगाडि धर्ना आन्दोलनमा उत्रिने चेतावनी दिएका थिए।

**मौसम**

पश्चिम बङ्गालमा आज पनि मनसुन सक्रिय रहने मौसम विभागले जनाएको छ। राज्यका अधिकांश जिल्लामा बदलीसँगै हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। उत्तर बङ्गालका दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी र अलीपुरद्वार क्षेत्रमा मध्यमदेखि भारी वर्षा हुन सक्ने अनुमान गरिएको छ। खराब मौसमको बेला आवश्यक परेमा मात्र यात्रा गर्न मौसम विभागले सर्वसाधारणलाई आग्रह गरेको छ।

**********